प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर

२०७६/०६/२८

प्र.३/१/८.१/८.२/२०७६/०७७

पत्र संख्या :-

चलानी नं. :- १०३२

मितिः

विषयः-राजीनामा/अनिवार्य अवकाश स्वीकृती बारे।

श्री सवै मन्त्रालयहरु

श्री सचिवालय

श्री सबै स्थानीय तहहरु

प्रदेश नं ३,हेटौडा ।

उपर्युक्त विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संलग्न च.नं. २३१, मिति २०७६/०५/०९ को राजीनामा/अनिवार्य अवकाश स्वीकृती बारेको पत्रबाट प्रदेशमा समायोजन भएका अधिकृत छैठौ, सातौ, आठौ, नवौ र दशौ तहका प्रशासन एवं प्राविधिक सेवाका कर्मचारीहरुको सम्बन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने र स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा अधिकृत छैठौ, सातौ, आठौ, तहसम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले स्वीकृत गर्ने भनि नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७६/०५/०९ को निर्णय भएको व्यहोरा अवगत नै छ।

यस सम्वन्धमा प्रदेश र स्थानीय तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाशको स्वीकृतिका लागि यस कार्यालयमा प्राप्त कागजातहरुमा कतिपय निकायहरुबाट राजीनामा वा अनिवार्य अवकाश सम्बन्धी प्रावधानहरु पूरा नगरी पठाइएको कारणले सो सम्बन्धी प्रकृया अगाडी वढाउन कठिनाइ भएको हुँदा देहायका विषयहरु समेत खुल्ने गरी पठाउने व्यवस्था मिलाई दिने सहयोग गरि दिनु हुन निर्णयानुसार अनुरोध छ।

देहाय

१. स्वेच्छिक अवकाश/राजीनामाको हकमा निवेदकको निवेदनको पृष्ठ भागमा अधिकृतस्तरको कर्मचारीको रोहवरमा सनाखत गराई कार्यालयको छाप समेत लगाइ पठाउने।
२. स्वेच्छिक अवकाश/राजीनामा दिने कर्मचारीले वरबुझारथ , वेरुजु र विभागीय कारवाही सम्वन्धि विवरण।
३. राजीनामा/ अनिवार्य अवकाश हुने कर्मचारीको सेवा प्रवेश समेत खुल्ने गरी उठान भएको टिप्पणी आदेशमा कार्यालय प्रमुखको राय सहितको स्वीकृत टिप्पणीको सक्कलै फाइल।
४. पत्र लगायतका कागजातहरुमा उठान/प्रमाणित गर्ने पदाधिकारीहरुको दर्जा र नाम थर खुलेको हुनु पर्ने।
५. अनिवार्य अवकाश हुने कर्मचारीको हकमा राष्ट्रिय किताबखाना (निजामती) बाट प्राप्त अनिवार्य अवकाश सम्बन्धि सूचना पत्र र व्यक्तिगत विवरण (PIS) समावेश भएको हुनु पर्नेछ।

(अनुप ढकाल)

अधिकृत सातौ